# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, पुस ९ गते २०४७ साल (संख्या ३६


## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

#### सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी अन्तर्राष्ट्रिय बुद्धिचाल संघका अध्यक्षबाट नेपाल बाघचाल तथा बुद्धिचाल संघका अध्यक्षलाई उपहार स्वरूप प्राप्त हुने २५ (पच्चीस) थान घडी र १०० (एक सय) थान बुद्धिचाल सेटको पैठारीमा लाग्ने भन्सार महशूल तथा बिक्रीकर पूर्णरूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

#### सूचना २

श्री ५ को सरकारले मनोरञ्जन कर ऐन, २०१७ को दफा ६ (२) ले दिएको अधिकार प्रयोग गरी पाटन संयुक्त क्याम्पस अन्तर्गत स्नातक तह दोस्रो वर्ष विज्ञान (तथ्याङ्क समूह) का विद्यार्थीहरूद्वारा शैक्षिक भ्रमण सहयोगार्थ पाटनस्थित अशोक हलमा मिति २०४७।८।२१ गते बिहान ८ बजे एक शो प्रदर्शन गरिने नेपाली रंगीन चलचित्र "सम्झना" को प्रदर्शनमा लाग्ने मनोरंजन कर पूर्णरूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
चण्डीप्रसाद श्रेष्ठ
उपसचिव

३५९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।